नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

**औषधी खरीद सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२३ गते)**

यस कार्यालयको आ.व. २०८२/०८३ को लागि आवश्यक औषधी सिलवन्दी दरभाउपत्र माध्यम बाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरुले रितपुर्वकको बोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरीद अनुगमन कार्यालयको **website: www.bolpatra.gov.np/egp** मार्फत पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

शर्तहरु:

1. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी बोलपत्र फाराम दस्तुर बापत **NMB Bank**, नौमूले शाखा, दैलेखमा रहेको यस कार्यालयको राजश्व खाता नं. **1040071712400074**, खातावालाको नाम: Naumule Rural Municipality Naumule,Dailekh मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मिति: २०८२/१०/०८ **गते समय दिनको १७:०० बजे सम्म** बोलपत्र फाराम download गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ।

2. बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. 1040071712400031 **खाता वालाको नाम:** Naumule Rural Municipality Naumule,Dailekh मा जम्मा गरी सोको सक्कल बैक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ४५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ।

3. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २०८२/१०/०८ गते दिनको १७:०० भित्र विध्युतिय माध्यमवाट (**electronically मात्र**) दर्ता गर्न सकिने छ।

4. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

5. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २०८२/१०/०८ गते दिनको १८:००बजे बिभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनको ११ बजे खोलिने छ।

6. औषधी खरिद गर्दा WHO GMP certified company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ र औषधी तथा सामानहरु गुणस्तर युक्त र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनुपर्ने साथै टुटेफुटेका, लेबल स्पष्ट नभएकालाई मान्यता दिइने छैन।

7. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

दमन दाहाल
प्रमुख प्रशासकीय अधिकृत

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

8. खरिद हुने औषधीको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म कम्तीमा १८ महिना म्याद बाँकी हुनुपर्नेछ। १८ महिना म्याद नहुने औषधीहरुको हकमा कम्तिमी ९ महिना म्याद बाँकी रहेको हुनुपर्नेछ।

9. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authority प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

10. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सयस प्याकेजमा सबै भन्दा घटी दर कबोल गरी कुल जम्मा रकममा न्युनतम रकम कायम भएको शिलबन्दि दरभाउपत्र स्वीकृत गरिनेछ र सम्पुर्ण औषधी उपलब्ध गराउने दायित्व कबोल गर्ने फर्म वा कम्पनीको रहने छ।

11. सप्लाई हुने औषधीको प्रत्येक स्ट्रिप र प्रत्येक प्याकिङ्ग को बाहिर उत्पादन मिति, म्याद गुज्रिने मिति, ब्याज नम्बर र निशूल्क वितरण (Institutional supply) भनि उल्लेख भएको हुनु पर्नेछ।

12. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखीत औषधीको परिमाणमा थप घट गर्न सकिने छ।

13. नेपाल सरकारको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सर्म्पुण अधिकार यस कार्यालयमा रहनेछ।

14. अन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ वा खरिद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४(संशोधन) अनुसार हुनेछ।

सिलवन्दी दरभाउपत्रमा उल्लेखित औषधीको कबुल गरेको दररेट अनुसार परिमाण निर्धारणको सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

तपसिलः

| सि.न | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | जम्मा रकम(भ्याट सहित) | दरभाउ जमानत रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | NRM/SQ/GOODS/15/2082-083 | **PROCUREMENT AND SUPPLY OF MEDICINE,SURGICAL ITEM AND MEDICAL EQUIPMENTS, NAUMULE RURAL MUNICIPALITY** | 3574005.79 | 89,350.00 | 1,000.00 |

प्रमुख प्रशासकीय अधिकृत

दमन दाहाल
प्रमुख प्रशासकीय अधिकृत